# जैमिनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कुश्मीसेरा, बागलुङ

गण्डकी प्रदेश नेपाल

पत्र संख्याः २०७७/०७८(शिक्षा)

च. नः ६११

मितिः २०७७/१२/०४

**बिषयः राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागिता सम्बन्धमा।**

**श्री माध्यमिक तह सञ्चालित सबै सामुदायिक र संस्थागत बिद्यालयहरु**
**जैमिनी नगरपालिका, बागलुङ**

प्रस्तुत बिषयमा यस नगरपालिका नगर शिक्षा समितिको मिति २०७७।१२।०४ गतेको निर्णयानुसार तपसिल बमोजिम **दोश्रो जैमिनी नगरपालिका स्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता २०७७** संचालन हुने भएकोले जैमिनी नगरपालिका स्थित सबै सामुदायिक र संस्थागत माध्यमिक विद्यलायहरु लाइ सहभागिताका लागि अनुरोध छ ।

**तपसिल**

१. ***खेल संचालन हुने मिति समय र स्थानः***

- मितिः २०७७/१२/१९ देखि ऐ. २१ गते सम्म
- समयः विहान ८.०० बजेबाट
- स्थानः सहारा खेल मैदान कुश्मीसेरा बागलुङ

२. ***खेलका किशिम र सहभागिताः***

१. भलिवल छात्र /छात्रा दुवैः खेलाडी संख्या ९ जना, टिम कोच १ र टिम व्यबस्थापक १ जना

२. एथलेटिक्स

1. दौड (ट्र्याक तर्फ) छात्र/छात्रा दुवैः १०० मि. २०० मि. ४०० मि. ८०० मि. र १५०० मिटर
2. रिले दौड (ट्र्याक तर्फ) छात्र/छात्रा दुवैः ४×१०० मिटर र ४×४०० मिटर
3. हाइजम्प, लङजम्प, ट्रिपलजम्प, ज्याभलिङ थ्रो र सटफुट (फिल्ड तर्फ) छात्र /छात्रा दुवैः छात्र र छात्रा तर्फ क्रमशः ज्याभलिङ थ्रो ८०० र ६०० ग्राम, सटफुट १२ पाउण्ड

३. ***खेलका नियमहरुः***

- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० बमोजिम अंक प्रदान गर्ने र खेल खेलाइने छ ।
- एउटा खेलाडीले ट्र्याक र फिल्डमा ३ वटा भन्दा बढी इभेन्टमा सहभागी हुन पाउने छैन । ३ वटा इभेन्ट र रिले खेलमा समेत भाग लिन पाउने छ ।
- खेलाडी चालु शैक्षिक सत्र २०७७ मा १८ वर्ष मुनिका कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत विद्यार्थी हुनुपर्नेछ, विद्यालयको परिचय पत्र अनिवार्य साथमा हुनु पर्नेछ।
- भलिवलमा सहभागि हुने खेलाडी एथलेटिक्स तर्फ सहभागि हुन पाउने छैन ।
- खेलाडीले आफ्नो खेल अनुसारको ड्रेस र जुत्ता अनिवार्य रुपमा लगाउनु पर्नेछ ।

क्रमशः

खेम प्रसाद आचार्य

# जैमिनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कुश्मीसेरा, बागलुङ

गण्डकी प्रदेश नेपाल

**पत्र संख्याः २०७७/०७८(शिक्षा)**

**च. नः**

**मितिः २०७७/१२/०४**

- प्रतियोगितामा सहभागि दर्ता मिति २०७७।१२।१८ गते ३ बजे भित्र गरि सक्नुपर्नेछ । खेल शुरु हुनु भन्दा ३० मिनेट अगावै खेलाडीले खेल मैदानमा आयोजक संग सम्पर्क गर्नु पर्नेछ।
- प्रतियोगितामा मेडलको आधारमा राष्ट्रपति रनिङ शिल्डमा मुल्यांकन गरी प्रथम, द्विवितिय र तृतिय हुने विद्यालयलाई नगद पुरस्कार क्रमशः रु. २००००, १५००० र १०००० एवम कप र खेलाडीलाइ मेडल र प्रमाण पत्र प्रदान गरिने छ । प्रति सहभागि प्रतिदिन रु १०० खाजा खर्च उपलव्ध गराइनेछ ।
- भलिवल खेल तर्फ छात्र/छात्रा दुवैमा प्रथम हुने टिमलाइ ट्रफि, रु ९०००/९००० पुरस्कार र एथलेटिक्स तर्फ स्वर्ण पदक बिजेतालाइ रु १००० नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ ।
- बिद्यार्थीको बैधताको विषयमा कुनै विवाद भएमा विद्यालयको प्रधानाध्यापक नै जवाफदेही हुनेछ । आयोजक समिति र निर्णायकको निर्णय अन्तिम हुनेछ ।
- भलिवल खेल नक्आउटको आधारमा र अन्य खेलहरु एथलेटिक्स संघको नियमानुसार खेलाइनेछ ।
- मिति २०७७/१२/१९ गते विहान ८.०० बजे हुने मार्चपासको लागि खेलाडी विद्यालयको व्यानर र झण्डा सहित उपस्थित हुनु पर्नेछ ।
- भाग लिने खेलाडीको फर्ममा फोटो टाँसी विवरण भरि प्रअ को दस्तखत गरि विद्यालयको छाप अनिवार्य रुपमा लगाइ जन्म दर्ता सहित पेश गर्नु पर्नेछ । अन्यथा खेलाडीको फर्म दर्ता हुने छैन ।
- नगरपालिका सम्म आउने जाने र बस्ने खर्च सम्बन्धित विद्यालयले नै व्यहोर्नु पर्नेछ साथै उत्कृष्ठ नतिजा ल्याउने विद्यालय र खेलाडीलाई जिल्ला स्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागिताका लागि सिफारिस गरिनेछ । जिल्ला स्तरमा सहभागि हुदाको खर्च समेत सम्बन्धित विद्यालयले नै व्यहोर्नु पर्नेछ ।
- दोश्रो जैमिनी नगरपालिका स्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता २०७७ सहारा क्लव कुश्मीसेराको संचालन र व्यबस्थापनमा हुनेछ ।

**नोटः थप सम्पर्कका लागि मोवाइल नम्बर खेमप्रसाद आचार्य जैमिनी नपा ९८५७६३०१९०, ओमकार थापा सहारा क्लव ९८६७९७३६६६, मिलन थापा सहारा क्लव ९८४७७०७७७९**

**<u>कार्यार्थ</u>**

**श्री सहारा क्लब जैमिनी** - सभ्य र भव्य रुपमा नगरपालिका शिक्षा शाखाको निर्देशनानुसार प्रतियोगिता संचालनको व्यबस्था मिलाउनु हुन ।

खेम प्रसाद आचार्य

खेम प्रसाद आचार्य
उप सचिव

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मिसेरा, बागलुङ
२०७२

# दोश्रो जैमिनी नगरपालिका स्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता २०७७

## *सहभागि दर्ता फाराम*

१. सहभागि विद्यार्थीको नामथरः

२. बिद्यालयः

३. अध्ययनरत कक्षाः

४. जन्ममितिः

५. सहभागि हुने विद्यार्थीको हस्ताक्षरः

बिद्यार्थीको फोटो

**<u>सहभागी हुने खेल हरुः</u>**

१. ट्रयाक तर्फः १. २. ३.

२. फिल्ड तर्फः १. २. ३.

३. भलिवल

**उल्लेखित व्यहोरा ठिक साँचो हो भनि प्रमाणित गर्नेः**

**प्रधानाध्यपकको नामथरः**

**हस्ताक्षरः**

**मिति**

**मोवाइल नम्बरः**

बिद्यालयको छाप